## यो आकाशवाणी हो।

### मुख्य समाचार।

- प्रधानमन्त्रीले Jallianwala Bagh- का शहीदहरूलाई दिनुभयो श्रद्धान्जली
- केन्द्रीय गृह मन्त्रीले सहकारिता क्षेत्रमा क्रान्तिकारी परिवर्तनको गर्नुभयो प्रशंसा
- वाणिज्य एवं उद्योग मन्त्रीले उद्योगका हितधारकहरूलाई स्थिरतालाई अप्नाउन र वैश्विक मानक स्थापित गर्न गर्नुभयो आग्रह
- सरकारले , अगिलो दुई वर्षमा देशभरमा राजमार्गलाई सुदृढ बनाउनका लागि दस लाख करोड़ रूपियाँको निवेश गर्ने, अनि
- दुई हजार भन्दा अधिक स्वयं सेवकहरूले भीम पदयात्रामा भाग लिए

----------------------

### प्रधानमन्त्री - जलियांवाला बाग

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले Jallianwala Bagh-का शहीदहरूलाई श्रद्धान्जली दिनुभयो । सोशल मीडिया पोस्टामा उहाँले भन्नुभएको छ, आउने पीढ़िहरूले शहीदहरूको अदम्य भावनालाई सधै याद राख्नेछ। उहाँले भन्नुभयो, Jallianwala Bagh हाम्रो देशको इतिहासको एउटा कालो अध्याय हो। श्री मोदीले भन्नुभयो, शहीदहरूको बलिदान भारतको स्वतन्त्रता संग्राममा एक महत्वपूर्ण अध्याय हो ।

*******

**फसल उत्सव**

देशको विभिन्न भागमा आज देखी पारम्परिक फसल उत्सव मनाइदैछ।

पंजाबमा **'वैसाखी'** मनाइरहेका छन् भने, केरलवासीले यसलाई **'विशु'** भन्ने गर्छन्, पश्चिम बंगालमा यसलाई **'पोइला बोइशाख'** र असममा **'बोहाग बिहू'-को** नामले मनाइदैछ। तमिलनाडुमा मानिसले यस तिहारलाई **'पुथन्डू'** का रूपमा मनाउछन्। ।देशको उत्तरी भागमा आज पूरा उत्साह र भाईचाराका साथ वसन्त ऋतुको फसलको तिहार वैसाखी मनाइरहेका छन् । तमिलनाडुका मानिसले भोली **पुथन्डू** मनाउछन् । यो दिन तमिल महीना **चित्तरईको** पहिलो दिन बड़ो उत्साहका साथ तमिल नववर्षको रूपमा मनाइन्छ। राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री जगदीप धनखड़ र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यस अवसरमा मानिसलाई शुभकामना दिनुभयो ।

**32-अमित शाह-मध्यप्रदेश**

केन्द्रीय गृह एवं सहकारिता मन्त्री श्री अमित शाहले वर्तमान सरकार द्वारा सहकारिता मंत्रालयको स्थापना पछि सहकारिता क्षेत्रमा क्रान्तिकारी परिवर्तनको प्रशंसा गर्नुभयो । मध्य प्रदेशको भोपालमा राज्य स्तरीय सहकारिता सम्मेलनलाई सम्बोधित गर्दै उहाँले बताउनुभयो , सरकारले कसरी देशको इतिहासमा पहिलो पल्ट ग्रामीण विकास, कृषि र पशुपालनलाई एकीकृत गर्यो । श्री अमित शाहले सहकारी नियमलाई **मानकीकृत** गर्नमा केन्द्र सरकारको भूमिकामा प्रकाश पार्नुभयो, जसमा सबै राज्यले मोडल **उपनियम**लाई अप्नायो। उहाँले भन्नुभयो

, यसले यस क्षेत्रमा नयाँ जान आएको छ र सहकारी ब्याङ्क अब अल्पकालिक कृषि वित्त भन्दा एघी बढ्दैछ। केन्द्रीय गृह मन्त्रीले प्राथमिक कृषि ऋण समितीको बढ्दो भूमिकाको उल्लेख गर्दै बताउनुभयो, अहिले बीस भन्दा अधिक राज्यमा कार्यरत छन् ।

मध्य प्रदेश दुग्ध संघ र राष्ट्रीय डेयरी विकास बोर्ड बीच एउटा समझौता ज्ञापनमा हस्ताक्षर गरिएको छ । यस अन्तर्गत राज्यमा दुग्ध सहकारी समितीहरूको संख्या छ हजार देखी बढ़एर नौ हजार गर्ने योजना छ। सम्मेलनको अध्यक्षता मध्य प्रदेशका मुख्यमन्त्री डा. मोहन यादवले गर्नुभयो । यस कार्यक्रममा मध्य प्रदेशका सहकारिता मन्त्री **श्री विश्वास सारङ्ग**, पशुपालन तथा डेयरी विकास मन्त्री **श्री लखन पटेल** र केही वरिष्ठ अधिकारीको पनि उपस्थिति रहेको थियो ।

**वाइब्रेन्ट बिल्डकोन**

वाणिज्य र उद्योग मन्त्री श्री पीयूष गोयल-ले आज उद्योगका हितधारकहरूलाई स्थिरतालाई अप्नाउन र वैश्विक मानक स्थापित गर्न आग्रह गर्नुभयो । नयाँ दिल्लीमा **वाइब्रेन्ट बिल्डकोन** दुई हजार पचिसको उद्धाटनको अवसरमा, श्री गोयलले हितधारकलाई आयात निर्भरता कम गर्न , स्वच्छ र हरित निर्माणमा ध्यान केन्द्रित गर्न र **भूकम्परोधी** र **मोड्यूलर** बुनियादी ढाँचाको दिशामा काम गर्न भन्नुभयो। श्री गोयलले निर्माण **पारिस्थितिकी** तन्त्रमा भारतको बढ्दो ताकत, वैश्विक क्षमता केन्द्र देखी लिएर **मेक इन इण्डिया** अन्तर्गत घरेलू विनिर्माणमा पनि प्रकाश पार्नुभयो। उहाँले आवास, बुनियादी ढाँचा, वाणिज्यिक अचल सम्पत्ति, रेलवे, हवाई अड्डा, राजमार्ग र ऊर्जा जस्तो प्रमुख क्षेत्रको महत्वलाई पनि रेखाङ्कित गर्नुभयो । श्री गोयलले भारत मण्डपम र यशोभूमि जस्तो विश्व स्तरीय सम्मेलन केन्द्रको अवधारणा सहित बुनियादी ढाँचाको विकासमा पनि प्रकाश पार्नुभयो, जसले जी 20 शिखर सम्मेलन, भारतटेक्स, भारत मोबिलिटी र स्टार्टअप महाकुम्भ जस्तो वैश्विक कार्यक्रमको मेजबानी गरेको छ । **वाइब्रेन्ट बिल्डकोन**-दुई हजार पचिस, नयाँ दिल्लीको यशोभूमि **कन्वेन्शन सेन्टर** भारतमा

सबैभन्दा ठूलो भवन निर्माण सामग्री र निर्माण **एक्सपो** छ, जसमा दुई सय पचास भन्दा अधिक प्रदर्शक, पचास  हजार भन्दा अधिक घरेलू आगन्तुक र लगभग सात सय अन्तर्राष्ट्रीय खरीदारहरूले  भाग लिनेछन्।

**सरकार-राजमार्ग**

सरकारले , पूर्वोत्तर र सीमावर्ती क्षेत्रमा विशेष ध्यान दिँदै अगिलो दुई वर्षमा देशभरमा राजमार्गलाई सुदृढ बनाउनका लागि दस लाख करोड़ रूपियाँको निवेश गर्नेछ। एउटा समाचार एजेन्सीलाई साक्षात्कारमा सड़क परिवहन र राजमार्ग मन्त्री **श्री नितिन गडकरीले** भन्नुभयो , केन्द्र सरकार, अगिलो दुई वर्षमा देशको बुनियादी ढाँचालाई बदलिने दिशामा कार्यरत छ। उहाँले भन्नुभयो सरकारले  पूर्वोत्तरमा बुनियादी ढाँचाको विस्तारका लागि परियोजनाहरू ल्याउँदैछ, जसले वहाँको बाटोले, अमरीकाको बाटोको बराबरी गर्न सक्छ।

**पश्चिम बंगाल-हिंसा**

केन्द्रीय रिज़र्व पुलिस बल-सी.आर.पी.एफ राँची, जमशेदपुर र राजरहाटको पाँच कम्पनीलाई पश्चिम बंगालको मुर्शिदाबाद जिल्लाको हिंसाग्रस्त क्षेत्रमा तैनात  गर्न भनिएको छ। दक्षिणी बंगालबाट सम्बद्ध सीमा सुरक्षा बल-बी.एस.एफ –का पुलिस महानिरीक्षक करणी सिंह शेखावतले राज्यका वरिष्ठ पुलिस अधिकारीहरूसंग बैठक गर्नुभयो। यीनमा राज्यका पुलिस महानिदेशक, अपर पुलिस महानिदेशक र अन्य पुलिस अधिकारी शामिल थिए। अपर पुलिस महानिदेशक **सुप्रतिम सरकार** र **विनीत गोयलले** स्थिति बिझ्न् शमशेरगंज क्षेत्रको यात्रा गर्नुभयो।

**मुंबई भीम पदयात्रा**

केन्द्रीय युवा कार्यक्रम र खेल राज्य मन्त्री **श्रीमती रक्षा खडसे**-ले आज मुम्बईमा आयोजित भीम पदयात्रामा भाग लिनुभयो । **मेरा युवा भारतका** दुई हजार भन्दा अधिक स्वयंसेवकहरूले पदयात्रामा भाग लिए। नरीमन पोइन्ट देखी शुरू भएको पदयात्रा, मन्त्रालयमा डा. भीमराव आम्बेडकरको प्रतिमाको छेउमा सम्पन्न भयो । नेहरू युवा केन्द्र संगठन, भारत सरकारको युवा कार्य र खेल मन्त्रालयले यसको आयोजना गरेको थियो । यस अवसरमा प्रतिभागीहरूलाई सम्बोधित गर्दै श्रीमती रक्षा खडसेले भारतको लोकतान्त्रीक विरासतमा गौरव व्यक्त गर्दै डा. आम्बेडकरको शिक्षाको प्रासाङ्गिकतालाई रेखाङ्कित गर्नुभयो । उहाँले भन्नुभयो, यस देशको नागरिक भएको नाताले डा.बाबासाहब आम्बेडकरको जयन्ती मनाउनका साथ-साथ हामीले उहाँको विचारलाई पनि आफ्नो जीवनमा आत्मसात गर्नुपर्छ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले Jallianwala Bagh- का शहीदहरूलाई दिनुभयो श्रद्धान्जली
- केन्द्रीय गृह मन्त्रीले सहकारिता क्षेत्रमा क्रान्तिकारी परिवर्तनको गर्नुभयो प्रशंसा
- वाणिज्य एवं उद्योग मन्त्रीले उद्योगका हितधारकहरूलाई स्थिरतालाई अप्नाउन र वैश्विक मानक स्थापित गर्न गर्नुभयो आग्रह
- सरकारले , अगिलो दुई वर्षमा देशभरमा राजमार्गलाई सुदृढ़ बनाउनका लागि दस लाख करोड़ रूपियाँको निवेश गर्ने, अनि
- दुई हजार भन्दा अधिक स्वयं सेवकहरूले भीम पदयात्रामा भाग लिए

आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार पूरा भयो।